# सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली प्रवर्द्धन कार्यविधि, २०८१

## प्रस्तावना

हाम्रो देशका बहुसंख्यक किसानहरु साना किसान रहेका छन। उनीहरुले धेरै लगानी लगाएर उत्पादन गर्न सक्ने अवस्था छैन। साना किसानहरु भएकै कारणले गर्दा पनि उनीहरुले उत्पादन गरेका वस्तुहरुमा अप्राङ्गारिक पदार्थहरुको प्रयोग कम रहेको हुन्छ। उनीहरुले उत्पादन गरेका वस्तुहरुलाई थोरै विधि पुर्याउन सक्दा प्राङ्गारिक वस्तुको रुपमा उत्पादन गर्न सकिन्छ। तसर्थ किसानले उत्पादन गरेको वस्तु गुणस्तरीय छ भनेर प्रमाणित गर्नको लागि आवश्यक नीति, नियम, शर्त र मापदण्डहरु बनाई लागु गर्नुपर्ने भएकाले हेलम्बु गाउँपालिकाद्वारा "सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली कार्यविधि, २०८१" तयार गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "सहभागीतामूलक गुणस्तर निर्धारण प्रणाली प्रवर्द्धन कार्यविधि, २०८१" रहनेछ।

(ख) यो कार्यविधि हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२.परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः**

(क) "सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली (पि.जि.एस.)" भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनुपर्छ।

(ख) "प्राङ्गारिक कृषि उत्पादन" भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ। सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार तयार गरिएको मापदण्ड बमोजिम उत्पादित कृषि उत्पादन समेतलाई जनाउँछ।

(ग) "आन्तरिक नियन्त्रण प्रणाली" भन्नाले उत्पादकहरूलाई संगठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा पहुँच बढाउन तथा प्रमाणीकरणको खर्च घटाउन उत्पादकहरुबाटै गरिने सामुहिक प्रमाणीकरणको प्रकृया सम्झनुपर्छ।

(घ) "स्थानीय बजार" भन्नाले उत्पादक र उपभोक्ताको प्रत्यक्ष सम्पर्क वा न्यूनतम मध्यस्तकर्ताको सहभागितामा भौगोलिक क्षेत्रको नजिक हुने गरी विकास गरिएको खरिद बिक्री गर्ने स्थान वा प्रकृया सम्झनुपर्छ।

(ङ) "उत्पादक" भन्नाले प्राङ्गारिक कृषि उत्पादन एवं प्रशोधनमा संलग्न ब्यक्ति, समुह वा संस्था सम्झनुर्पछ। सो शब्दले उत्पादन गर्ने किसानहरुलाई समेत जनाउँछ।

(च) "उत्पादन" भन्नाले खेतबारी/फार्ममा गर्ने कार्यदेखि प्याकेजिङ्ग र लेवलिङ्ग गर्ने सम्मका कार्य सम्झनुपर्छ।

(ज) "रुपान्तरण अवधि" भन्नाले प्राङ्गारिक विधिबाट खेती प्रणाली शुरु गरेदेखि उत्पादित वस्तुको प्रमाणीकरण चिन्ह दिईने समय बीचको अवधिलाई रुपान्तरण अवधि भनिन्छ।

(झ) "प्रमाणीकरण" भन्नाले अग्रिम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरु पुरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चितता हो।

(ञ) "निरीक्षक" भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धित कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निरीक्षण गर्नका लागि नियुक्त गरेको व्यक्ति बुझिन्छ।

(ट) "प्रमाणीकरण चिन्ह" भन्नाले प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा आवश्यक पर्ने शर्तहरु पुरा गरेको प्रमाणित गर्नका लागि दिइने संकेत/चिन्ह/प्रतिकलाई प्रमाणिकरण चिन्ह भनिन्छ।

(ठ) "समानान्तर उत्पादन" भन्नाले एउटै किसानले आफ्नो खेत बारीमा एकै समयमा प्रांगारिक र अप्रांगारिक तरिकाबाट उत्पादित एकै बाली वा जातका बस्तु भन्ने बुझिन्छ।

(ड) "मापदण्ड" भन्नाले कुनै देशले आफ्नो आन्तरिक प्रयोगका लागि वा वाह्य बजारका लागि अन्तर्राष्ट्रिय नियम अनुसार मान्य हुने गरी बनाएको प्राङ्गारिक कृषि उत्पादनको मापदण्ड भन्ने बुझिन्छ।

३. उद्धेश्यः कार्यक्रम देहायका उद्धेश्य प्राप्तिका लागि सन्चालन गरिनेछः

(क) प्रांगारिक कृषिलाई प्रोत्साहन गरि स्वस्थ कृषि उपज उत्पादन गर्ने।

(ख) उत्पादन गरेको वस्तु गुणस्तरीय छ भनि प्रमाणिकरण गर्ने।

(ग) प्राङ्गारिक उत्पादन गर्ने कृषकको बजार पहुँचमा वृद्धि गर्ने।

## परिच्छेद-२

## कार्यक्रम सन्चालन विधि

१. कार्यक्रम सञ्चालनः

(क) यो कार्यक्रम हेलम्बु गाउँपालिकामा सञ्चालन गरिनेछ।

(ख) वार्षिक कार्यक्रमको बजेट स्थानीय आवश्यकता र माग बमोजिम कार्यपालिकाले तोके अनुसार हुनेछ।

## २.सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली (पि.जि.एस.) अभिमुखीकरण तालिमः

गाउँपालिकाले सरुवाती चरणमा पालिकाका अगुवा कृषकहरुलाई जानकारी गराएर पि.जि.एस. सम्बन्धी तीन (३) दिने अभिमुखिकरण गर्नेछ। उक्त अभिमुखिकरणको समयमा कृषकहरुले पि.जि.एस. परिचय, यसका उद्धेश्यहरु, आधारहरु, मार्गदर्शक सिद्धान्तहरु, अपनाउनु पर्ने मापदण्ड र मान्यताहरु, प्राङ्गारिक खेती गरिने जमिन, रुपान्तरण अवधि, बाली उत्पादन, माटो पानी र मलखाद व्यवस्थापन, रोग किरा तथा झारपात नियन्त्रण, बाली बीउ भण्डारण, पशुपालन व्यवसाय, मत्स्यपालन व्यवसाय, मौरिपालन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा संरक्षण, सामाजिक अधिकार र स्वच्छ व्यवहार, यसको व्यवस्थापनको लागि आवश्यक संगठनात्मक संरचना र तिनिहरुको भूमिका आदि बारे कृषकहरुलाई जानकारी गराउनुपर्नेछ। कृषकहरुको अभिमुखीकरणको लागि पालिकाले पि.जि.एस. सम्बन्धी विशेषज्ञ वा तालिम प्राप्त व्यक्तिको प्रयोग गर्नेछ। किसानहरुको तालिमको मागलाई हेरेर चार-चार महिनाको अन्तरालमा आवश्यकतानुसार वर्षमा जम्मा तीनवटा अभिमुखिकरण तालिमको आयोजना गाउँपालिकाले गर्न सक्नेछ।

## ३. पि.जि.एस. संगठनात्मक संरचनाः

पि.जि.एस. को संगठनात्मक संरचना निर्माण पि.जि.एस. मूल समिति गठन गरेर सुरुवात हुनेछ। पि.जि.एस. मूल समिति अन्तर्गत यसमा आवद्ध हुन चाहने कृषक, उपभोक्ता, व्यापारी र अन्य सरोकारवाला निकायहरु हुनेछन। पि.जि.एस. समूहमा गरिने भएकाले भौगोलिक, व्यवहारिक र व्यापारिक दृष्टीकोणले नजिक भएका कृषक, उपभोक्ता, व्यापारी र सरोकारवालाहरुको समूह बनाई मूल समितीको गठन गर्नुपर्नेछ।

### ३.१ पि.जि.एस. व्यवस्थापन समितीः

मूल समिति भित्र रहेका व्यक्तिहरुको सहभागितामा यसको व्यवस्थापनको लागि ५-७ सदस्य रहेको पि.जि.एस. व्यवस्थापन समिती गठन गरिनेछ। व्यवस्थापन समिती उत्पादन, प्रमाणीकरण, बजार व्यवस्थापन, संस्थागत विकास लगायत समग्र विषयमा नेतृत्व प्रदान गर्न सक्ने चुस्त, सक्रिय र सक्षम हुनुपर्नेछ। पि.जि.एस. व्यवस्थापन समितीले निम्नानुसारका कामहरु सम्पन्न गर्नुपर्नेछ।

(क) संस्थाको प्रतिनिधीत्व गर्दै उत्पादक, उपभोक्ता र अन्य सरोकारवालाहरुलाई आफ्ना मापदणडको कारण सहित स्पष्ट पारेर, उत्पादकलाई मापदण्डको प्रतिलिपि उपलब्ध गराउने।

(ख) कार्यविधि अनुसार निरिक्षकलाई निरिक्षणमा खटाउने र प्राविधिकलाई खेतबारीमा आइपरेका प्राविधिक समस्याहरु हल गर्न लगाउने।

(ग) संस्थामा आवश्यक जनशक्तिको विकास गर्दै नियमित कामहरु सम्पन्न गराउने र आन्तरिक र बाह्य द्वन्द तथा परिवर्तनहरुको व्यवस्थापन गर्ने।

(घ) बजार व्यवस्थापन र संस्थागत विकासका योजनाहरु सन्चालन गर्ने, समूहका सबै सरोकारवालाहरुको विवरण राख्ने र आवश्यकता अनुसार मापदण्ड तथा कार्यविधिमा हेरफेर तथा सुधार गर्ने।

### ३.२ पि.जि.एस. प्रमाणीकरण समितीः

व्यवस्थापन समिती अन्तर्गत रहेर निरिक्षकले प्रस्तुत गरेको प्रतिवेदनमा अध्ययन र थप खोज गरी कुन कुन किसानहरुलाई प्रमाणपत्र उपलब्ध गराउन उपयुक्त हुन्छ भन्ने कुरा निक्यौंल गर्नको लागी (प्रमाणीकरण सम्बन्धी निर्णय) ३ सदस्यीय प्रमाणिकरण समिती चयन गरिनेछ। पि.जि.एस. प्रमाणीकरण समितीले आन्तरिक निरिक्षकको प्रतिवेदनको समिक्षा गर्दै मापदण्ड पुरा गरेका कृषकलाई अनुसुचि-१ बमोजिमको फारम भरेर प्रमाणपत्र दिन मिल्ने कुराको निर्णय गर्ने, मापदण्डमा केही कुराहरु अपुग रहेको अवस्थामा थप सल्लाह सुझाव दिनुका साथै दण्ड सँजाय र पुरस्कृत गर्नु पर्ने कृषकहरुको नाम तयार गरि व्यवस्थापन समितिमा सिफारिस गर्नु पर्नेछ।

**<u>३.३ पि.जि.एस. समूहः</u>**

हेलम्बु पि. जि. एस. अन्तर्गत समाहित हुन चाहने कृषकहरुलाई समेटेर पि.जि.एस. समूह गठन गरिनेछ। समूह गठन गर्दा नजिक नजिक घर रहेका किसानहरु जसको दैनिक रुपमा जस्तो प्रत्यक्ष भेटघाट भइरहन्छ उनीहरुलाई समेटेर समूह गठन गरिनेछ। पि.जि.एस. समूहमा सहभागी हुन चाहने किसानहरुले अनुसूची-२ बमोजिमको कृषकको मञ्जुरिनामा पि.जि.एस. व्यवस्थापन समिती समक्ष प्रस्तुत गर्नु पर्नेछ। त्यसपश्चात व्यवस्थापन समितीको निर्देशनमा प्राविधिकको सहयोगमा अनुसूची-३ (सम्भाबित उत्पादनको प्रकार, माग तथा आपुर्तीको अनुमान फारम) र अनुसूची-४ (वास्तबिक उत्पादकहरुको सुची) बमोजिमको फारम भर्ने काम गरिनेछ।

**<u>३.४ पि.जि.एस. संयोजकः</u>**

व्यवस्थापन समितीका सदस्यहरु मध्यबाट प्राङ्गारिक कृषिको बारेमा सम्पूर्ण ज्ञान भएको, समूहको आन्तरिक मापदण्डबारे जानकारी भएको, सजिलै सूचना आदान प्रदान गर्न सक्ने, छलफलको टिपोट राखेर रिपोर्ट तयार गर्न सक्ने, स्थानीय परिस्थिति बुझेको र समूह व्यवस्थापनको सीप भएको १ जना सदस्यलाई आपसी समझदारीमा संयोजक चयन गरिनेछ। समग्रमा संयोजकले समितीको सम्पर्क व्यक्ति, सचिव तथा प्रवक्ताको भुमिका निर्बाह गर्नुपर्दछ। संस्थागत सूचनाहरुको व्यवस्थापन गर्ने , कृषक तथा अन्य सदस्यहरुको लगत अद्यावधिक राख्ने, जोखिम पहिचान गरि रणनीति तथा योजना तयार गर्ने, व्यवस्थापन समितीको सिफारिसमा निरिक्षकलाई आवश्यकतानुसार निरिक्षणमा खटाउने जिम्मेवारी संयोजकको रहनेछ।

**<u>३.५ निरिक्षकः</u>**

सामूहिक प्रमाणिकरणको लागी समूहको तर्फबाट कृषकको कृषि उत्पादनको प्रक्रिया अध्ययन, अवलोकन, र जाँच गर्नको लागी पि.जि.एस व्यवस्थापन, प्राङ्गारिक कृषि र पि.जि.एस. मापदण्डबारे जानकार रहेको १ जना निरिक्षक चयन गरिनेछ। पि.जि.एस. निरिक्षकको रुपमा हेलम्बु गाउँपालिका कृषि शाखा अन्तर्गत प्राविधिक सहायकलाई छनोट गरि आवश्यक तालिम दिएर यसको लागी सक्षम बनाइनेछ। व्यवस्थापन समितीले दिएको क्षेत्राधिकार भित्र रहेर किसानको खेतबारीको अवलोकन गर्ने, किसानहरुले राखेको अभिलेखहरु अध्ययन गर्ने, किसानहरु र उनीहरुका छिमेकिको आवश्यक अन्तरवार्ता लिने र सोहि अनुसार खेतबारिमा क्रियाकलाप मिलेको नमिलेको छुट्याउने,

सबै सूचनाहरुको आधारमा निरिक्षण फारम भर्ने र प्रतिबेदन तयार गरि संयोजकलाई बुझाउने जस्ता जिम्मेवारी निरिक्षकको हुनेछ।

### ३.६ प्राविधिक (फिल्ड सहजकर्ता):

पि.जि.एस. प्राविधिकको रुपमा हेलम्बु गाउँपालिका कृषि शाखा अन्तर्गत प्राविधिक सहायकले भूमिका निर्वाह गर्नेछ। प्राविधिकको रुपमा जिम्मेवारी पाउने व्यक्ति पि.जि.एस. सञ्चालन प्रकिया र मापदण्डबारे सम्पूर्ण कुराहरु थाहा भएको हुनुपर्नेछ। किसानहरुलाई व्यवस्थापन समितिको अनुरोध अनुसार मापदण्ड सम्बन्धी लागेका र नबुझेका कुराहरु बुझाउने, कृषकहरुलाई  रेकर्ड राख्न तथा जग्गाको नक्सा तयार गर्न सहयोग गर्ने, उत्पादन अनुमान तयार गर्ने, उत्पादन रेकर्ड राख्ने, तालिमको व्यवस्था गर्ने जस्ता जिम्मेवारी प्राविधिकको रहनेछ। प्रविधिकले अनुसूचि-५ बमोजिमको कृषकको व्यक्तिगत तथा कृषिगत विवरण किसानसँग सहयोग लिई भरेर संयोजकलाई बुझाउनु पर्नेछ भने अनुसूचि-६ बमोजिमको प्रांगारिक कृषकको दैनिकी भर्न पनि सहजिकरण गरिदिनु पर्नेछ।

### ४. हेलम्बु पि.जि.एस. मापदण्डः

हेलम्बु पि.जि.एस. को मापदण्ड अनुसूची-७ बमोजिमको रहनेछ। यो मापदण्ड हरेक वर्ष बसेको पि.जि.एस. सदस्यहरुको भेलाले आवश्यकतानुसार संसोधन गर्न सक्नेछ।

### ५. पि.जि.एस. को सामाजिक नक्साः

पि.जि.एस. सञ्चालनका लागि पि.जि.एस. गरिएको ठाउँको सामाजिक नक्सा हुनु जरुरी छ। सामाजिक नक्सामा किसानको घरधुरी संकेत, सामजिक संरचनाहरु, बाटोघाटो, खोलानाला, जंगल, मन्दिरहरु स्पष्ट रुपमा देखिने गरि नक्सा तयार पारिनेछ र उक्त नक्सा तयार पार्दाको मिति र तयार गर्ने व्यक्तिको नाम समेत उल्लेख गरिनेछ।

### ६. निरिक्षणः

व्यवस्थापन समितीको निर्णयमा वर्षमा दुई पटक हरेक किसानको पि.जि.एस. सञ्चालन गरेको ठाँउको निरिक्षण गरिनेछ। निरिक्षकले निरक्षणको क्रममा अनुसूचि- ८ बमोजिमको निरिक्षण फारम भर्नुपर्नेछ र प्रतिवेदन तयार गरि संयोजकलाई बुझाउनु पर्नेछ।

### ७. हेलम्बु पि.जि.एस. लोगोः

हेलम्बु गाउँपालिका अन्तर्गत सञ्चालन हुने सम्पूर्ण पि.जि.एस. कार्यक्रममा हेलम्बु पि.जि.एस.को अनुसूचि-९ बमिजिमको लोगो रहनेछ। हरेक पि.जि.एस. समूहका व्यवस्थापन समिती संयोजकले गाउँपालिकाबाट उक्त लोगो संकलन गर्न सक्नेछन्। यो लोगो मापदण्ड पुरा गरेर उत्पादन गरिएको उत्पादनहरुका लागि मात्र उपलब्ध गराउनु पर्नेछ र यसको जिम्मेवार हरेक व्यवस्थापन समितीको संयोजक हुनेछन।

### ८. प्रमाणपत्र र सुझावहरुः

निरिक्षकको प्रतिवेदन पछि त्यसलाई अध्ययन गरेर समूहका प्रत्येक किसानहरुले मापदण्ड पुरा गरेर उत्दन गरिरहेका छन भन्ने निक्यौंल गरिसकेपछि प्रमाणिकरण समितीको सिफारिसमा

व्यवस्थापन समितीको संयोजकबाट उक्त किसानहरुलाई अनुसूचि-१० बमोजिमको प्रमाणपत्र उपलब्ध गराइनेछ। यसरी उपलब्ध गराएको प्रमाणपत्रको समयावधी एक वर्षको हुनेछ र प्रत्यक वर्ष प्रमाणपत्रको नविकरण गर्नु पर्दछ। प्रमाणपत्र उपलब्ध गराईएको समयावधीको लागि मात्र हेलम्बु पि.जि.एस. को लोगोको प्रयोग गर्न पाइनेछ। प्रमाणपत्रको समयावधी सकिएसँगै पुनः नविकरण गर्नुपर्दछ भने नविकरण अगावै निरिक्षकबाट किसानको उत्पादन स्थलको निरिक्षण भएर निविकरण गर्न सकिने नसकिने कुराको निर्णय प्रमाणीकरण समितीले गरेको हुनेछ।

**९. दण्ड सजाय र पुनरावेदनः**

समूहको मापदण्ड विपरीत रहि उत्पादन गरेको पाइएमा सो काम गर्ने कृषकलाई प्रमाणिकरण समितीले दण्ड सजायको लागी निर्णय गर्नेछ। तर मैले मापदण्ड पुरा गर्न सकिने भनेर समुहबाट बाहिर बस्न पाउने अधिकार कृषकमा नै निहित रहन्छ। जानी जानी मापदण्ड पुरा नगर्ने अनि गरेकै छु भनेर जबरजस्ती गर्न खोज्ने किसानलाई भूलको प्रकृति अनुसार दण्ड सजायहरु हुन सक्नेछनः

- जानकारी दिने
- यस्ता क्रियाकलाप नदोहोर्याउन लिखित प्रतिवद्धता लिने
- रुपान्तरण अवधि दोहोर्याउने वा बढाउने
- १ वर्षका लागी प्रमाणीकरण प्रक्रियाबाट निलम्बन गर्ने
- प्राङ्गारिक कार्यक्रममाबाट नै निस्कासन गर्ने।

सो कार्यका लागी अनुसूची-११ र अनुसूचि-१२ बमोजिमका फारमको प्रयोग गरिनेछ। प्रमाणीकरण समितीबाट कृषकलाई उसले गरेको गल्ती र सो उपर भएको कारवाही बारे जानकारी गराइनेछ र निरन्तर निरिक्षण गरि राखिनेछ।

किसानले आफुलाई भएको दण्ड सजायको निर्णयप्रति लिखित वा मौखिक असमझदारी प्रकट गर्न पाउनेछन। यसरि प्राप्द भएको फिरादको उपर छलफल चलाउनको लागी व्यवस्थापन समितीको संयोजकले बैठक बोलाउनु पर्ने छ। समितीको बैठकबाट पुरानो निर्णय सदर अथवा नया निर्णय पनि गर्न सकिनेछ र सो निर्णयको बारेमा किसानलाई जानकारि गराउनु पर्नेछ।

**१०. जोखिम पहिचान तथा व्यवस्थापनको योजनाः**

बाली उत्पादन देखि उत्पादित वस्तु उपभोक्ताको हातमा नपुग्दासम्म विभिन्न जोखिमहरु आई पर्न सक्दछन् जसबाट उत्पादित बस्तुको गुणस्तरमा असर पर्न सक्दछ। यस्ता जोखिमहरु ठाँउ, समुदाय, मौसम बजार, प्राकृतिक प्रकोप आदिको कारण बाट हुन सक्दछन। यस्ता जोखिमहरु पत्ता लगाएर मापदण्डमा उल्लेख गरिए अनुसार काम गरी जोखिम न्युनिकरण गर्नुपर्नेछ।

**११. कार्यविधि संशोधनः** गाउँपालिकाले आवश्यकता अनुसार आफ्ना मापदण्ड तथा यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

# प्रमाणीकरण स्वकृती वा अस्वीकृतीको निर्णय

| कृषकको नाम | प्रमाणीकरण निर्णय | बालीको प्रकार | प्रमाणीकरण समिती प्रतिनिधी |
|---|---|---|---|
| | स्वीकृत गरिएको ................<br>रुपान्तरण स्वीकृत ................<br>प्रांगारिक स्वीकृत ...............<br>निर्णय स्थगित ................<br>सुझाब सहित प्रमाणिकरण स्वीकृत<br>..................... का लागी निलम्बित<br>....................<br>निष्कासित.............. | | |
| | स्वीकृत गरिएको ................<br>रुपान्तरण स्वीकृत ................<br>प्रांगारिक स्वीकृत ...............<br>निर्णय स्थगित ................<br>सुझाब सहित प्रमाणिकरण स्वीकृत<br>..................... का लागी निलम्बित<br>....................<br>निष्कासित.............. | | |

## अनुसूचि-२

## कृषकको मञ्जुरिनामाको नमूना

मितिः.....................

श्रीमान् संयोजक ज्यू,

.................................पि.जि.एस. व्यवस्थापन समिती।

विषयः पि.जि.एस. मा सहभागी हुने सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा म हेलम्बु गाउँपालिकाले तयार गरेको मापदण्ड तथा प्रमाणीकरण कार्यविधि अनुरुप उत्पादन तथा बजार व्यवस्थापन गर्न मञ्जुर छु। यस प्रणालीमा मेरो पनि लगत समावेश गराई आगामी प्रकृयाहरुमा सहभागी गराइदिनु हुन अनुरोध गर्दछु।

निवेदक

कृषकको नामः

ठेगानाः

दस्तखतः

## अनुसूची-३

## सम्भावित उत्पादनको प्रकार, माग तथा आपुर्तीको फारम

| क्र.स. | कृषकको नाम | उत्पादनको प्रकार र मात्रा | क्र.स. | उपभोक्ताको नाम | आवश्यक सामग्रीको प्रकार र मात्रा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | समष्टिगत उत्पादनका प्रकार र मात्रा<br>१.<br>२.<br>३. | | | समष्टिगत मागका प्रकार र मात्रा<br>१.<br>२.<br>३. | |

# अनुसूची-४

## वास्तविक उत्पादकहरुको सूची

| क्र.स. | नाम | ठेगाना | क्षेत्रफल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची-५

## कृषकको व्यक्तिगत तथा कृषिगत विवरण फारम

(क) आवेदक व्यक्ति वा फार्म वा कम्पनि वा प्रशोधन केन्द्रकोः

नामः ..........................................................................

ठेगानाः .......................................................................

फोनः....................................................... इमेलः .....................................................

(ख) जग्गा जमिनको प्रकार र क्षेत्रफल (रोपनि-कट्ठा) कृपया प्लटहरुको नाम वा नम्बर दिएर प्रमाणीकरण समावेश गर्न चाहेका प्लटहरुमा ठीक चिन्ह लगाईदिनुहोला।

खेत..................... बारी........................ बँगैचाः..................

बन......................... पाखो........................... अन्य ....................

जम्मा क्षेत्रफल ...................... प्रमाणीकरण गर्न चाहेको क्षेत्रफल खेत....... बारी........ अन्य........

(क) हाल भूउपयोगको अवस्था र छिमेकीको अवस्थाः

(ख)प्रांगारिक प्लटको बाली प्रणालीः

| प्लट नं | बै | जे | अ | श्रा | भा | अ | का | मं | पु | मा | फा | चै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |

(ग) प्रांगारिक प्लटको बालीचक्रको अवस्था र निषेधित पदार्थ प्रयोगको इतिहासः

| प्लट नं | हालको मौसम | १ वर्ष पहिले | २ वर्ष पहिले | ३ वर्ष पहिले | निषेधित पदार्थको अन्तिम पटक प्रयोग |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

(घ) बिउका प्रकार तथा श्रोतहरुः

घरमै राखिने बीउहरु ........................................................

बजारबाट ल्याइने बीउहरु ...................................................

(ङ) प्रांगारिक प्लटमा प्रयोग गरिने मलका प्रकारहरु र मात्राः

| प्लट नं | मलको प्रकार | मात्रा | श्रोतहरु | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

(च) पानीका श्रोतहरुः .............................................................

(छ) मुख्य रोग तथा किराहरुः ...................................................

(ज) रोगकिरा नियन्त्रणका लागी अपनाइराखेका बिधिहरुः

..........................................................................................................

(झ) माटो तथा रोगकिरा व्यवस्थापनका लागी फार्म भन्दा बाहिरबाट केही ल्याइने भएमाः

| खरिद गरेको वस्तुको नाम | उत्पादकको नाम र ठेगाना | ट्रेड नाम | प्रति इकाइ मूल्य | खरिद गरेको मात्रा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(ञ) अपेक्षित उत्पादनः

| बाली | कुल क्षेत्रफल | गत वर्षको उत्पादन | यस वर्षको अनुमानित उत्पादन | उत्पादन लिने समय | अनुमानित मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ट) फार्ममा प्रयोग गरिने यन्त्र उपकरणहरुः

.........................................................................................................

(ठ) बाली प्रशोधन, भण्डारण र ढुवानीका तरिकाहरुः

| | |
|---|---|
| बाली टिपाइ तरिका | |
| ढुवानी गर्ने र भित्र्याउने | |
| सफाई, ग्रेडिङ्ग, प्रशोधन र प्याकिङ्ग | |
| उपचार र भण्डारण | |
| भण्डारणका रोग, कीरा तथा अन्य समस्याहरु र तिनको समाधानका उपायहरु | |
| बिक्रिका लागि लैजाँदा प्याकिंग र ढुवानीका तरिकाहरु | |
| बाली संकलन, भण्डारण, प्रशोधन, ढुवानी गर्दा प्राङ्गारिक र गैरप्राङ्गारिक उपजहरु आपसमा मिसिनबाट बचाउन अपनाइएका तरिकाहरु | |

(ड) यदि फार्ममै प्रशोधनका काम पनि हुन्छ भनेः

| | |
|---|---|
| प्रशोधित उत्पादनको नाम | |
| प्रशोधनको तरिका | |
| प्रशोधन गर्दा रंग, गन्ध, स्वाद तथा संरक्षणका लागि प्रयोग गरिने तत्वहरु | |

(ढ) बिक्रि गर्ने तरिकाः होलसेलः खुद्राः

(ण) प्रमुख ग्राहकहरुः

(त) ग्राहकहरु रहेको स्थानः

(थ) ग्राहकसम्म उत्पादन पुर्याउने माध्यमः

(द) फार्ममा राखिएको रेकर्डहरुलाई चिन्ह लगाउनुहोस्।

खरिद रेकर्डः फार्म क्रियाकलाप रेकर्ड प्रशोधन रेकर्डः माटो परिक्षण रिपोर्टः बिक्रि रेकर्ड दैनिक उत्पादन रेकर्डः श्रमिक रेकर्डः अन्य केही भए लेख्नेः

(ध) यस अघि प्राङ्गारिक प्रमाणीकरणका लागी कुनै निकायमा आवेदन दिनुभएको थियो भने उक्त निकायको तत्कालिन प्रतिक्रिया, प्राप्त सुझावहरु र कार्यान्वयनका लागि गरिएका सुधारहरुः

माथि उल्लेखित जानकारीहरु मैले जानेसम्म ठिक साँचो छन्। यदि कुनै प्रकारको गलत जानकारी दिएको पाइएमा त्यसप्रति हुने जुनसुकै सजाँय वा दण्ड जरिवानाको लागी म तयार छु।

आवेदकको नामः ..................... हस्ताक्षरः ............................ मितीः ................................

व्यवस्थापन समिति को तर्फबाटः विवरण दर्ता मितीः .................................... सदर मितीः ........................

पहिलो निरिक्षक ......................... दोस्रो निरिक्षक .........................

निर्णयका लागी बैठक बसेको मिति ................... निर्णय .......................

# अनुसूची-६
# कृषकको दैनिकी
# प्राङ्गारिक कृषकको दैनिकी

कृषकको नामः ..................... ठेगानाः ............................

सदस्यता नं ......................... क्षेत्रफल ............................

मुख्य बालीहरु ................................

प्राङ्गारिक प्लटमा गरिएका क्रियाकलापहरुः

| मिति | प्लट, बाली र गरिएका काम | कामको तरिका, कारण र विवरण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

# अनुसूची-७

## हेलम्बु गाउँपालिका पि.जि.एस. आचारसंहिता तथा मापदण्ड

प्राङ्गारिक कृषि उत्पादन समूहका लागि आचारसंहिता तथा मापदण्ड हेलम्बु गाउँपालिका भित्र सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली (पि.जि.एस.) बाट प्राङ्गारिक कृषि उत्पादन गर्न चाहाने कृषक र कृषक समूहहरुका लागि तयार पारिएको हो। गाउँपालिकाले आवश्यक देखेको खण्डमा यी मापदण्डहरु परिमार्जित हुन सक्नेछ। परिमार्जन गर्नु अगाडी सहभागी पि.जि.एस. समितिहरु तथा अन्य विज्ञहरुको राय सल्लाह लिइनेछ।

(क) प्राङ्गारिक कित्तामा गैरप्राङ्गारिक कित्ताबाट आउन सक्ने भल/कुलोको व्यवस्थापन गरेको हुनुपर्दछ।

(ख) रुपान्तरण अवधी कम्तीमा पनि ६ महिना राखेको हुनुपर्नेछ र यदि रातो र पँहेलो लेबलका विषादी प्रयोग गरेको भएमा १ वर्ष।

(ग) रुपान्तरण अवधी प्राङ्गारिक खेती प्रमाणिकरणका लागि आवेदन दर्ताभएको मिति देखि सुरु हुनेछ र आवेदन गर्दाको समयमा प्राङ्गारिक खेती सुरु भैसकेको हुनुपर्नेछ।

(घ) रुपान्तरण अवधिको अन्तिम ३ महिनाको उत्पादनलाई प्रमाणिकरण निकायले राम्रोसँग निरिक्षण गरेर रुपान्तरण अवस्थाको प्रमाणिकरण चिन्ह प्रदान गर्न सक्नेछ।

(ङ) कहिले प्राङ्गारिक कहिले रासायनिक खेती गरेको पाईएमा पूर्व निश्चित प्रमाणिकरण खारेज गरि पुनः रुपान्तरण अवधिमा जानुपर्नेछ। यदि तिन पटक भन्दा बढी मापदण्ड मिचेको पाइएमा निज उत्पादकलाई प्रमाणिकरण प्रक्रियामा आउन नमिल्ने गरि पुर्णरुपमा निलम्बन गरिनेछ। विशेष प्राकृतिक प्रकोपलाई ध्यानमा राखी निर्णय गरिनेछ।

(च) मध्यवर्ती क्षेत्र १ मिटर कायम राखेको हुनुपर्नेछ। मध्यवर्ती क्षेत्रमा गरिने खेतीलाई प्राङ्गारिक मानिनेछ।

(छ) एउटै कित्तामा समानान्तर बाली उत्पादन गरिएमा त्यस्ता उत्पादनलाई प्राङ्गारिक मानिने छैन। फरकफरक कित्तामा समानान्तर बाली उत्पादन गर्नुपरेमा प्रमाणीकरण निकायलाई जानकारी दिई उत्पादन लिने क्रममा निम्न तरिका अपनाउनु पर्नेछः

- बाली लिने दिन र ढुवानीको समय एकै दिन नपार्ने,
- प्राङ्गारिक र अप्राङ्गारिक बस्तुलाई छुट्टै प्याकेजिङ्ग गर्ने,
- बिक्रि गर्ने समयमा पनि फरक खुलाएर बिक्री गर्ने,
- छुट्टा छुट्टै भण्डारण गर्ने,

(ज) सकेसम्म स्थानीय र प्राङ्गारिक प्रमाणीकरण भएको बीउ प्रयोग गर्ने, यदि अप्राङ्गारिक बीउको प्रयोग गर्नुपरेमा प्राङ्गारिक जमिनमा छुट्टै नर्सरी बनाएर विरुवा सार्ने र सिधै बीउ रोप्नु परेमा बीउलाई पखालेर, छाँयामा सुकाएपछि मात्र रोप्ने। पखालेको पानीलाई ३ फिट गहिरो खाल्डो खनि पुरिदिने।

(झ) बीउ उत्पादन गर्नुपरेको खण्डमा अप्राङ्गारिक स्रोतको मूल बीउलाई अप्राङ्गारिक जमिनमा एकपटक लगाएर तयार भएको अर्को पुस्ताको बिउ प्राङ्गारिक मानिनेछ।

(ञ) बहुवर्षीय बिरुवालाई गैरप्राङ्गारिक नर्सरीबाट लगेर रोप्न सकिनेछ तर यस्तो अवस्थामा रोपेको बिरुवाको ६ महिना पछिको उत्पादनलाई मात्र प्राङ्गारिक मानिनेछ।

(ट) बोटबिरुवाको प्रसारण गर्दा हर्मोन तथा जोडनको प्रयोग गर्न सकिनेछ।

(ठ) प्राङ्गारिक तरिकाले बीउ उपचार गर्न सकिनेछ जस्तैः वीजामृत।

(ड) प्राङ्गारिक विधि र स्थानीय ज्ञान र सिपको प्रयोग गरि पोष्टहार्वेष्ट उपचार गर्न सकिनेछ।

(ढ) माटो व्यवस्थापनको लागि कुनै किसिमको रासायनिक मल, रासायनिक स्रोतको माटो सुधारक तथा विरुवाको वृद्धि प्रवर्धकको प्रयोग गर्न पाइने छैन।

(ण) गोठेमल र गोबर ग्यास स्लरी प्रयोग गर्दा राम्रोसँग पाकेको मल ७ दिन अगावै माटोमा मिसाई प्रयोग गर्नु पर्दछ। कुखुराको मल प्रयोग गर्नुपरेमा प्रमाणीकरण निकायबाट स्वीकृति लिई राम्रोसँग कुहाएर मात्र प्रयोग गर्नुपर्नेछ। पूर्ण रुपमा तयार अवस्थामा बजारमा उपलब्ध प्राङ्गारिक मलको प्रयोग गर्न पाइनेछ।

(त) माटो सुधार गर्नको लागि प्राङ्गारिक स्रोतबाट उत्पादित स्वदेशी सुक्ष्म जीवाणुहरुको प्रयोग गर्न सकिनेछ।

(थ) मानव मलमुत्रको प्रयोग गर्न पाइने छैन।

(द) ४ बाली अवधिमा कम्तिमा १ बाली कोसेबाली मुख्यबालीको रुपमा लगाएको हुनुपर्नेछ।

(ध) बाली अवशेषहरुलाई जलाउन पाइने छैन तर कम्पोष्ट मल बनाउन प्रयोग गर्न सकिनेछ।

(न) आवश्यक प्राङ्गारिक मलको कम्तिमा २०% मल सोहि जमिनका बोट बिरुवा र पशुजन्य उत्पादनबाट पूर्ती भएको हुनुपर्नेछ।

(प) फलफुल लगायतका फराकिलो दुरिमा रोपिने बाली लगाउँदा जमिनलाई राम्ररी ढाक्ने खालको अन्नबाली लगाउनु पर्दछ साथै छापोको प्रयोग गर्नुपर्दछ।

(फ) खनिज स्रोतबाट प्राप्त हुने पोषक तत्वहरु प्रयोग गर्न सकिनेछ।

(ब) अप्राङ्गारिक क्षेत्रको माटो प्राङ्गारिक क्षेत्रमा मिसाउन पाइनेछैन। माटोमा प्रयोग हुने औजारहरु सकेसम्म आफ्नै र प्राङ्गारिक क्षेत्रमा मात्र प्रयोग गर्नु पर्दछ। यदि अन्य ठाँउबाट ल्याएर प्रयोग गर्नु परेमा कृषि औजारको सरसफाइमा ध्यान दिनुपर्नेछ।

(भ) प्राङ्गारिक उत्पादनको लागि सिधै खोला तथा नहरको पानी प्रयोग गर्न पाईने छैन तर जमिन मुनिको स्रोतको पानि बोरिङ्ग गरेर प्रयोग गर्न पाईनेछ।

(म) रोगकिरा नियन्त्रणमा प्राङ्गारिक स्रोतका विषादी मात्र प्रयोग गर्नुपर्नेछ। प्राकृतिक रुपमा रोगकिरा नियन्त्रण गर्नका लागी मिश्रित खेती बाली, ट्रयापहरुको प्रयोग, पासोको प्रयोग, मित्र जीवको संरक्षण जस्ता उपायहरुको अवलम्बन गर्न पाईनेछ तर प्राबिधिकको सल्लाह लिनु जरुरी छ।

(य) सुर्ती तथा सुर्ती जन्य विषादीहरु माटोमा रहने रोगकिरा नियन्त्रणामा प्रयोग गर्न पाईनेछ तर जरेबालीहरुको हकमा भने प्रयोग गर्न पाइने छैन।

(र) यदिकुनै बिशेष कारणवस रासायनिक विषादीकै प्रयोग गर्नुपरेमा उक्त जमिनको लगत कट्टा गरि पुनः रुपान्तरण प्रक्रियामा जानुपर्नेछ।

(ल) पशुपंक्षिलाई खुवाउने आहार र पालिने स्थान प्राङ्गारिक हुनुपर्दछ भने स्थानीय जातका पशुपंक्षीहरुको पालन गर्नुपर्नेछ।

(व) प्राङ्गारिक खेती गरिने जमिन र पशुपंक्षीहरुको वासस्थानको रुपान्तरण एकै समयमा गरिनुपर्दछ।

(श) प्राङ्गारिक दुध तथा अण्डा उत्पादन गरिने पशुपंक्षी कम्तिमा ४५ दिन अघि देखी प्राङ्गारिक क्षेत्रमा रहेको हुनुपर्नेछ।

(ष) मासुको लागि उत्पादन गरिने पशुपंक्षी कम्तीमा ३ महिनासम्म प्राङ्गारिक वातावरणमा रहेको हुनुपर्नेछ।

(स) प्रजननको लागि प्रयोग हुने पशु बाहिरबाट पनि ल्याउन सकिनेछ।

(ह) पशुपंक्षीको गोठमा प्रयोग गरिने घाँस तथा सोत्तर प्राङ्गारिक तथा प्रकृतिक स्रोतको हुनुपर्नेछ।

(क्ष) पशुहरुमा कृतिम गर्भाधारण गराउन सकिनेछ र अन्य कुराहरुमा प्राविधिकको सल्लाह लिनुपर्नेछ ।

(यसमा अहिले बाली तथा पशुपंक्षीको लागि मात्र मापदण्ड रहेको छ भने मौरी माछाको लागि अन्य कुराहरु पनि थप्न सकिनेछ।)

## अनुसूची-८

## निरीक्षण फारम

## प्राङ्गारिक कृषि निरीक्षण प्रतिवेदन फारम

| | |
|---|---|
| कृषकको नामः | संकेत नः |
| आन्तरिक निरीक्षकको नाम | निरीक्षण मितिः |
| निरीक्षणको प्रकार<br>नियमित निरीक्षण ...............<br>आकस्मिक निरीक्षण ................. | निरीक्षणको समय<br>शुरुः ...........................बजे<br>अन्तः ........................ बजे |
| निरीक्षणको समयमा उपस्थित व्यक्तिहरुः | |

(क) खेतबारीको अभिलेखः

| | | |
|---|---|---|
| कृषकको निवेदन फारम तथा सम्झौता छ कि छैन (ठीक लगाउनुहोस)। | छ<br>छैन | पूर्ण छ ...........................<br>पूर्ण छैन, किन .................. |
| लगानीको अभिलेख राखेको छ कि छैन (ठीक लगाउनुहोस)। | छ<br>छैन | पूर्ण छ .......................<br>पूर्ण छैन, किन ................... |
| रासायनिक र प्राङ्गारिक तरिकाले एउटै कालको बाली लगाएको छ कि छैन (समानान्तर उत्पादन) (ठीक लगाउनुहोस)। | छ<br>छैन | यदि छ भने कुन कुन तरकारी लगाएको छ नाम लेख्नुहोस्। |
| मिश्रित खेती छ भने कुन-कुन बाली मिसाएर लगाइएको छ।<br>.................................................................।<br>कोसेबाली मिसाउने गरिएको छ कि छैन। | | |
| बीउ/बेर्नाको श्रोत (ठीक लगाउनुहोस) | आफ्नै ......... छिमेकीबाट .......... किनेर ............<br>सरकारी वा गैर सरकारी संस्थाबाट...... | |

(ख) प्राङ्गारिक कृषि उत्पादनको विवरणः

| कित्ता नं | प्रांगारिक क्षेत्रफल | मुख्य बाली | अनुमानित उत्पादन | अन्तरबाली | अनुमानित उत्पादन | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ग) माटो सुधार र मलको प्रयोग (प्रत्येक प्लट)ः

| कित्ता नं | प्रयोग गरेको मलको प्रकार र गुणस्तर | | | कैफियत |
|---|---|---|---|---|
| | मलको नाम | मलको प्रयोग मात्रा | मलको श्रोत | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

(घ) बिरुवाको रोगकिरा व्यवस्थापनः

| कित्ता नं | रोगकिराको प्रकार | व्यवस्थापन तरिका (के कसरी प्रयोग गरियो) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| झारपातको व्यवस्थापन तरिकाः | | |
| प्राङ्गारिक जग्गामा रासायनिक मल र विषादीहरुको प्रयोग गरेको अन्तिम मितिः...................... | | |

(ङ) मध्यवर्ती क्षेत्र (मिटरमा):

| कित्ता नं | उत्तर | | दक्षिण | | पूर्व | | पश्चिम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चौडाइ | उचाइ | चौडाइ | उचाइ | चौडाइ | उचाइ | चौडाइ | उचाइ | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

(च) मिसावटको जोखिमः

| | | | | |
|---|---|---|---|---|
| पानी, कुलोबाट | छैन ....... | कम छ ... | बढी छ ... | कैफियत |
| छेउछाउँको हावाबाट | छैन ....... | कम छ ... | बढी छ ... | कैफियत |
| औजार, स्प्रेयरबाट | छैन ....... | कम छ ... | बढी छ ... | कैफियत |
| भण्डारणमा | छैन ...... | कम छ ... | बढी छ ... | कैफियत |
| ढुवानीमा | छैन ....... | कम छ ... | बढी छ ... | कैफियत |
| बिक्रि केन्द्रमा | छैन ....... | कम छ ... | बढी छ ... | कैफियत |
| यदि बढी खतरा छ भने मिसावटको प्रकार, कारण र कित्ता नं उल्लेख गर्नुहोसः............ | | | | |

(छ) बाली भित्र्याउने र बाली भित्र्याए पछिको व्यवस्थापनः

| | |
|---|---|
| बाली भित्र्याउने तरिका | हातले ............. मेसिनले (कृपया व्याख्या गर्नुहोस)। |
| बेच्नको लागी तयारी | कृपया व्याख्या गर्नुहोस। |
| प्याकिङ्ग तरिका | |

| | |
|---|---|
| बारी देखी बेच्ने ठाउँसम्म ढुवानी | |

निरिक्षकको सुझावहरु/सल्लाह र सिफारिस (निम्न पक्षहरु लेख्नुहोसः कृषकको धारणा, बाली, बीउ, विरुवा, मल, माटो, गोडमेल, सिँचाई, रोगकिरा, भण्डारण, ग्रेडिङ्ग, प्याकिङ्ग बिक्रिको अवस्थाका आधारमा राम्रा पक्ष तथा सुधारको लागि सुझावहरु, अनुमानित उत्पादन, बिक्रि गरिने उत्पादनको परिमाणः)

निरीक्षकको हस्ताक्षरः ........................ कृषकको हस्ताक्षरः ......................

प्रमाणीकरण समितीको बैठक मिति तथा निर्णयः

## अनुसूचि-९

## हेलम्बु पि.जि.एस. लोगो

| |
|---|
| हेलम्बु पि.जि.एस. |

लोगो

अनुसूचि-१०

प्राङ्गारिक प्रमाणपत्रको एक नमूना

हेलम्बु पि.जि.एस.
हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक
प्राङ्गारिक प्रमाणपत्र (Organic Certificate)

............................... निवासी श्री/श्रीमती .......................................... कित्ता नं ................. अन्तर्गतको ............ क्षेत्रफलको जग्गाको उत्पादन पद्धति मिति .................................. मा निरिक्षण गर्दा यस पालिकाको मापदण्ड अनुसार उत्पादन तथा व्यवस्थापन भइरहेको पाइएकोले उक्त क्षेत्रको उत्पादनलाई यस पालिकाको मापदण्ड अनुसार प्राङ्गारिक प्रमाणीकरण गरि यो प्रमाण पत्र प्रदान गरिएको छ र उक्त क्षेत्रको उत्पादनमा निम्न अनुसारको लोगो प्रयोग गर्ने अनुमती दिइएको छ ।

यो प्रमाणपत्रको मान्यता मिति ..................................... सम्म रहनेछ।

................................... ............................................
अध्यक्ष, प्रमाणीकरण समिती अध्यक्ष, व्यवस्थापन समिती

## अनुसूची-११
## मापदण्ड उल्लंघन प्रतिवेदन फारम

श्री पि.जि.एस. व्यवस्थापक ज्यू,

संकेत नः ........... का कृषक श्री ...................................................... ले मिति ............................................. को नियमित/छडके निरीक्षणका क्रममा निम्नानुसारको मापदण्ड विपरीत कार्यहरु गरेको प्राप्त भएकाले कार्यविधि अनुसार कारबाही अगाडी बढाउनुहुन सिफारस गर्दछु।

(क)..........................................................................

(ख)..........................................................................

(ग)..........................................................................

(घ)..........................................................................

ठाउँ र मितिः ..........................................
निरीक्षकको हस्ताक्षरः .............................

# अनुसूची-१२

## मापदण्ड उल्लंघनमा कारबाहीको निर्णय

प्राप्त सिफारिस उपर मिति ................................................. का दिन प्रमाणीकरण समितीमा छलफल गरी निम्नानुसार कारबाही गर्ने निर्णय गरियो।

| मिती | कारबाही | अनुगमन मिति | अवस्था | निर्णय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |